# आदर्शवाणी

**खोक्रा शब्दहरु भन्दा शान्ती दिने एक शब्द नै उत्तम हुन्छ।**

**- गौतम बुद्ध**

## सम्पादकीय

# राजनीतिमा देखिएको नयाँ प्रयोग

देशको राजनीति संवेदनशील अवस्थामा छ । साथै यो असहिष्णु पनि भएको छ । राजनीतिक नेताहरुको आरोप-प्रत्यारोप र तिनीहरुको भाषण सुन्दा चुनाव नजिकै आएको आभास हुन्छ । नेताहरुले मिसन-८४ भन्न थालेको अहिले होइन । केही महिनादेखि नै यो शब्द गुञ्जिएको छ । अधिकांश पार्टीहरुले वडाकेन्द्रित कार्यक्रमहरु सम्पादन गर्दैछन् । त्यसको साथै तिनीहरुले आफ्नो सिद्धान्त के-कसरी व्यवहारमा उतार्ने र अरुभन्दा आफ्नो पार्टी के-कति फरक छ र राम्रो छ भनेर देखाउने प्रयास पनि गर्न थालेको छ । यसबीच समाजवादको आवाज पनि ठूलै रुपले सुनिन थालिएको छ । नेताहरुले नेपाली विशेषताको समाजवाद ल्याउनु आवश्यक भएको औंल्याएका छन् ।

हिजो समाजवाद कागजमा थियो । त्यसको प्रयोग भएको थिएन । समाजवादको नामले नै मत पाउँछ भन्ने थियो । तर, अहिले प्रतिस्पर्धा चर्को भएको र मतदाताहरुको चेत पनि बढेकाले उधारो कुरा तिनीहरुले पत्याउन छाड्दै छन् । कम्युनिष्ट पार्टीहरुले यस सम्बन्धमा बढी परिवर्तन खोज्दैछन् । प्रमुख प्रतिपक्ष दल माओवादीले आफूले जितेका पालिकाबाट समाजवादको अभ्यास गर्ने दाबी गरेको छ । त्यस पार्टीले स्थानीय तहबाट समाजवादको अध्यास गर्ने दाबी गरेको छ । त्यस पार्टीले स्थानीय तहबाट समाजवादको पूर्वाधार निर्माणसम्बन्धी अभिमुखीकरण नाममा कार्यक्रम नै सुरु गरेको छ । माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले माओवादीले जितेका पालिका नमुना बन्नु पर्ने उल्लेख गर्दै टाढैबाट फरक देखिनुपर्नेमा जोड दिएका छन् ।

नेताहरुको भाषणमा होस् या लेख-रचनामा नागरिक होस् या राजनीतिज्ञ, उत्पादनमा जोडिनु पर्दछ भन्ने कुरा पहिलोदेखि सुनिएको कुरा हो । संयोग के छ भने नेत्रविक्रम चन्दको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले आमागी चुनावमा भाग लिने कुरा आएदेखि उत्पादनको कुरा जोडिएर आएको छ । गत वर्ष त्यस पार्टीले उत्पादन गरेका कृषि उपज पार्टीले सर्वसाधारणको बिक्रीको लागि राखेर प्रचारप्रसार गरेको थियो । पार्टीले काठमाडौंमा बिक्री पक्ष राखेर पनि प्रचार गरेको थियो । यसपटक पनि पार्टीले जग्गा भाडामा लिएर खेती गर्न तयार भएको जनाएको छ । पार्टीले जनाएअनुसार यसपटक देशभर डेढसय विधामा खेती गर्ने, जुम्लामा स्याउका हजार बिरुवा रोप्ने निर्णय गरेको प्रचारमा आएको छ । नेपालको राजनीतिमा यो एक नयाँ प्रयोग हो । ३/४ वर्षमा नै यसले आफ्नो परिणाम दिने अनुमान गरिएको छ ।

# तेस्रो वेगनास कप

*आदर्श समाज*

लेखनाथ, १२ फागुन



वेगनास युवा क्लब आयोजनामा यही १६ देखि २२ फागुनसम्म तेस्रो संस्करणको वेगनास कप सेभेन ए साइड फुटबल प्रतियोगिता हुने भएको छ ।

वेगनास ताल किनारमा हुने प्रतियोगितामा करिब ३५ टिमको सहभागिता रहने अनुमान गरिएको सोमबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिता संयोजक विज्ञान कोइरालाले जानकारी दिए ।

प्रतियोगिताका लागि फुटबल मैदान मर्मत, विभिन्न क्लबहरुलाई पत्राचार, खेल सामग्रीको व्यवस्थापन लगायतका कामहरु सकिएको क्लबका अध्यक्ष निनेन लालचनले जानकारी दिए ।

विजेताले १ लाख २५ हजार ५५५ तथा उपविजेताले ५५ हजार ५५५ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् । उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकले जनही ५ हजार प्राप्त गर्नेछन् भने अनुशासित टिमले ८ हजार प्राप्त गर्नेछ । प्रतियोगिता संचालन गर्न ९ लाख ५० हजार खर्च लाग्ने आयोजकको अनुमान छ । करिब १० लाख आम्दानी हुने र खर्च कटाई ५० हजार बचत हुने लक्ष्य छ ।

प्रतियोगिताको पोखरा महानगरपालिका वडा ३१ को कार्यालय संरक्षक हो । सहयोगीमा पोखरा महानगरपालिका वडा ७, ८, ९, १२, १३, २६ र ३० को कार्यालय, एन्फा कास्की, लेखनाथ उद्योग वाणिज्य संघ, आदर्श युवा क्लबलगायत छन् ।

# हेमराज पहारी स्मृति पुरस्कार वितरण तयारी

*आदर्श समाज*

पोखरा, १२ फागुन

हेमराज पहारी स्मृति पुरस्कार-२०८१ यही १५ फागुनमा वितरण गरिने भएको छ ।

हेमराज पहारी स्मृति प्रतिष्ठान, पोखराले यस वर्षको हेमराज पहारी स्मृति पुरस्कार कास्कीको माछापुच्छ्रेस्थित सिर्जना साहित्य सदनलाई प्रदान गर्ने यसअघि निर्णय गरिसकेको थियो । पुरस्कार राशि एक लाख रुपैयाँ र सम्मानपत्र रहेको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति संस्कृतिविद् डा. जगमान गुरुङको प्रमुख आतिथ्यमा हुने समारोहबीच उक्त पुरस्कार वितरण गरिने प्रतिष्ठान अध्यक्ष रीता पहारीले जानकारी दिइन् । कार्यक्रम सिर्जना साहित्य सदनकै सभाहलमा हुनेछ ।

प्रतिष्ठान सल्लाहकार कृष्णप्रसाद बास्तोलाको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिले सिर्जनालाई उक्त पुरस्कार प्रदानका लागि प्रतिष्ठानलाई सिफारिस गरेकोमा प्रतिष्ठान अध्यक्ष रीता पहारीको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो । प्रतिभा छनोट समिति सदस्यमा वरिष्ठ लोकगायिका हरिदेवी कोइराला र साहित्यकार दुर्गाबहादुर शाह 'बाबा' सदस्य थिए ।

२०६७ सालमा स्थापित हेमराज पहारी स्मृति प्रतिष्ठानद्वारा २०६९ देखि वितरण प्रारम्भ गरिएको उक्त पुरस्कारबाट यसअघि संस्कृतिविद् सत्यमोहन जोशी, राप्ती साहित्य परिषद् दाङ, विमल गुरुङ स्मृति पुस्तकालय धरान, लोककवि अली मियाँ (मरणोपरान्त), झरना साहित्य परिवार मकवानपुर, साहित्य सन्ध्या काठमाडौं, साहित्यकार सरुभक्त सम्मानित भइसकेका छन् । यस वर्ष सिर्जना साहित्य सदनलाई प्रदान गर्न लागिएको आठौं संस्करणको पुरस्कार हो ।

पोखराको शैक्षिक, सामाजिक तथा साहित्यिक क्षेत्रमा विशेष योगदान पुर्‍याएका पोखरा-६, बैदाम निवासी हेमराज पहारीको स्मृतिमा धर्मपत्नी रीता पहारीबाट कोष स्थापना गरी प्राप्त ब्याजबाट उक्त पुरस्कार संचालन हुँदै आएको छ ।


**सेप्टी टंकी तथा पानी टंकी सफा गर्नुपरेमा**

सम्पर्क
०६१-५९१६२१
९८०२८५२७७५
९७०८०८०३१०
९७०८०८०३२०


## बिमालेख हरायो

मिति २०८१।१०।२४ गते पृथ्वीचोकबाट बगर जानेक्रममा हाम्रो बिमालेख हराएको हुँदा पाउनुहुने महानुभावले उल्लेखित नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

बिमितको नाम: अस्मिता रानाभाट
पोलिसी नम्बर : १३००९०४१२
बिमितको नाम : संगीता रानाभाट
पोलिसी नम्बर : १३००९०४१३

# चापाकोट नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**
सुन्तलीटार, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/११/१३

यस कार्यालयबाट प्रकाशित मिति २०८१/८२ को बोलपत्र आव्हान सम्बन्धी सूचना अनुसार तपशिल बमोजिमको बोलपत्र सारभूत रुपले प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङ्कन समितिको बैठकको निर्णयबाट स्वीकृतिका लागि छनोट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा २ (१) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्र दाताहरुलाई समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (VAT समेत) | घटी/बढी प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | 06/CM/Revenue/2081/82 | ज्याग्दी घाट | Lal Construction, Malyangkot-01, Syangja | रु. 12,42,702.30 | 0.35 | |
| 2 | 07/CM/Revenue/2081/82 | सोल्टी घाट | Jyagdi Khola Construction and Suppliers P. L. (Chapakot-05, Syangja) | रु. 2,66,340.10 | 0.66 | |
| 3 | 08/CM/Revenue/2081/82 | मुकुन्दे घाट | Lal Construction, Malyangkot-01, Syangja | रु. 3,66,575.616 | 0.66 | |

**Gandaki Province Government**
**Ministry of Energy, Water Resources and Water Supply**

## Water Resources and Irrigation Development Division Office

Kushma, Parbat

### Invitation for Sealed Quotation

Date of Publication: 2081/11/13 (25 February 2025)

1. Water Resources and Irrigation Development Division Office, Parbat (WRIDDOP) invites Online Bids under e-procurement system from eligible bidders for the Construction of RVT and associated structures of Lift Irrigation Project, Phalewas - 6, Parbat. All the information and documents can be obtained from PPMO's website www.bolpatra.gov.np/egp. The related information can also be obtained from the Office. Interested eligible bidders are requested to submit e-Bid only as per instruction within the mentioned period.

| S. No. | Contract No. | Description of works | Estimated Cost (with VAT) NRs. | Bid Security Amount (NRs) | Cost of Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | LIP/WRIDDOP/SQ/01/081/82 | Construction of RVT and associated structures | 19,21,538.83 | 50,000.00 | 1,000.00 |
| Last Date & Time of Bid Submission: 2081/11/28 (12 March 2025), 12:00 Noon<br>Bid Opening Date & Time: 2081/11/28 (12 March 2025) 13:00 PM<br>Bid Validity Period/ Bid Security Validity Period: 30 Days/ 45 Days | | | | | |

2. Information to Deposit the cost of bidding document and bid security in Bank.

| For Purchasing Bidding Document | Cash Deposit for Bid Security |
|---|---|
| • Name of the Bank: Nepal Bank Ltd, Kushma, Parbat<br>• Office Code No.: 3400342014<br>• Name of Office: WRIDDOP<br>• Office Account No.: 27302000001001000001<br>• Rajaswa (Revenue) Shirshak No. : 14229 | • Name of the Bank Nepal Bank Ltd, Kushma, Parbat<br>• Name of Office: WRIDDOP<br>• Account Name: PFUO Parbat Gandaki Province, Kha 2.3 Dharauti Khata<br>• Dharauti Account No: 06602000002003000001<br>• Office Code No. : 3400342014 |

3. Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the WRIDDOL (Tel: 067-420175; Email: sinchaiparbat@gmail.com.)
4. Bidder needs to submit their bid electronically by downloading the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp.
5. Other things not mentioned in this notice will be in accordance with the prevailing Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and amendments.

**Division Chief**

**Government of Nepal**
**Ministry of Home Affairs'**

## District Police Office

Rukum (Eastern Part)

### Invitation for Sealed Quotations

First Date of Publish- 2081/11/13 (February 25th, 2025)

District Police Office, Rukum (Eastern Part) invites Sealed Quotations from the eligible bidders for the following works. The estimated amount for the work is NRs. 1,280,845 (without VAT and PS). For more details, interested bidders are requested to visit the aforementioned office

| Contract Identification No. | Description of Works | Cost of Bidding Document | Last date and time of submission of Quotation | Date of quotation opening time and place | Bid Security | Account Details |
|---|---|---|---|---|---|---|
| SQ/NCB/DPO-RE/2081-82/01 | Extensiono of First Floor at District Police Office Rukum (Eastern Part) | NRs. 1,000.00 | 2081/12/28 till 12:00 hrs | 2081/12/29 13:00 hrs at District Police Office, Rukum (Eastern Part) | NRS. 38,500.00 | **Rajaswa Khata:**<br>Account Name: Ko-Le-Ni-Ka<br>Account No.: 02000001001000001<br>Bank Name: Nepal Bank Limited, Rukumkot<br>Office Code: 3140053025<br>**Dharauti Khata:**<br>Account Name: Ko-Le-Ni-Ka<br>Account No: 18902000002003000001<br>Bank Name: Nepal Bank Limited, Rukumkot<br>Office name: District Police Office, Rukum (Eastern Part) |

## आजको पञ्चांग

**ज्यो. गंगासागर उपाध्याय**
**मोबाइल : ९८५६०४१९२०**
**Youtube : GG TV Nepal**

विसं २०८१ साल फागुन १३ गते मंगलबार, तदनुसार इसं २०२५ फेब्रुवरी २५ तारिख, कालयुक्तनाम संवत्सर, श्रीसूर्यउत्तरायण, शिशिर ऋतु । चान्द्रमान अनुसार फाल्गुनकृष्णपक्षको द्वादशी तिथि पूर्वान्ह १०:३२ बजेसम्म, त्यसपछि त्रयोदशी रहनेछ ।
नक्षत्र : उत्तरषाढा बेलुका ४:५१ बजेसम्म, त्यसपछि श्रवण रहनेछ ।
विष्कुंभादी योग : व्यतिपात बिहान ६:३६ बजेसम्म, त्यसपछि वरियान् रहनेछ ।
आनन्दादी योग : मानस ।
करण : गर वेलुका १०:१३ बजेसम्म, त्यसपछि भद्रा रहनेछ ।
श्रीसूर्य : कुम्भ राशिमा, चन्द्रमा : मकर राशिमा अहोरात्र व्याप्त रहनेछ ।
सूर्योदय : ६:३४ बजे, सूर्यास्त : बेलुका ६:०१ बजे हुनेछ ।
(आज : प्रदोषव्रत, त्रिपुष्कर पूर्वान्ह १०:३२ बजेसम्म)
(भोलि : भद्रा विहान ९:४७ बजेदेखि बेलुका ९:१४ बजेसम्म, महाशिवरात्रिव्रत, पशुपतिनाथ लगायत शिवमन्दिरमा मेला, धनिष्ठा पञ्चक प्रारम्भ मध्यरात्रि पछि ४:२० बजे)

## राशिफल

**मेष** आर्थिक पक्ष मजबुत बन्नेछ । स्वदेश तथा विदेशबाट खुसीको खबर सुन्न पाइनेछ । शैक्षिक गतिविधिमा उन्नति हुनेछ । आफन्तजनसँगको रमाइलो पल बित्नेछ । पुराना मित्रसँगको मिलनले प्रफुल्लित भइनेछ ।

**वृष** असहज परिस्थितिको अन्त्य हुनेछ । पारिवारिक समस्या हल हुनेछ । सामान्य मिहिनेतले नै लक्ष्यमा पुग्न सफल भइनेछ । मिहिनेत अनुसारको प्रतिफल मिल्दा काम गर्ने हौसला थपिनेछ । खुसी बढ्नेछ ।

**मिथुन** आफ्ना लागि भन्दा अरुका काम व्यवहारमा समय खर्चनु पर्नेछ । शोकप्रद खबरले चिन्तित बनाउनेछ । नयाँ कार्यको थालनीले तनाव मात्र थपिनेछ, सतर्क रहनु होला । सान्दर्भिक कार्यमा ध्यान पुग्ने छैन ।

**कर्कट** परिश्रमको सही मूल्याङ्कन मिल्दा काम गर्ने जाँगर थपिनेछ । आकस्मिक धन लाभको योग बनेको छ । हर्षको खबर मिल्नेछ । पराक्रम बढेर जानेछ । धेरै क्षेत्रमा आफ्नो प्रभूत्व जमाउन सकिनेछ ।

**सिंह** बोलीको कदर हुनेछ । धन संचय गर्न मन लाग्नेछ । सामाजिक पद प्रतिष्ठा मिल्नेछ । अरु दिनभन्दा अध्ययनमा रुचि बढ्नेछ । सामान्य चुनौतीको सामना गर्नुपरे तापनि अडिग भएर लागि पर्दा सफल भइनेछ ।

**कन्या** विशिष्ट व्यक्तिसँग सहकार्य गर्ने अवसर मिल्नेछ । सहमतिबाट समस्याको निराकरण हुनेछ । टाढिएका आफन्तजनसँग मिलन हुनेछ । पुराना समस्याको समाधान रचिने छ भने नयाँ कार्य यो जनाहरु बन्ने छन् ।

**तुला** खर्च एवं परेशानीले छाड्ने छैन । अनावश्यक कार्यमा समय बित्ने देखिन्छ । टाढाको यात्रा त्यत्ति उपयुक्त देखिन्न । वैचारिक वेमेलका कारण विवादमा परिन सक्छ, बोलीवचनमा सजग रहनु होला ।

**वृश्चिक** विद्यार्थी वर्गका लागि अवसर मिल्नेछ भने, शैक्षिक गतिविधिमा समेत उन्नति हुनेछ । व्यवसायबाट उचित रुपमा लाभ मिल्दा हर्ष बढ्नेछ । सुख सन्तोष मिल्नेछ । आम्दानीका नयाँ स्रोतहरु जुट्ने छन् ।

**धनु** साझेदारी कार्यबाट उचित प्रकारको लाभ मिल्नेछ । सुख सुविस्ताका साधनहरु जुट्ने छन् । कलात्मक कार्यमा विशेष चासो रहनेछ । कर्म क्षेत्रमा नयाँ अवसर मिल्नेछ । मायाप्रेमको बन्धन कसिलो बन्नेछ ।

**मकर** व्यापार व्यवसायमा सुधार हुनेछ । धार्मिक कृत्यमा सहभागी हुने अवसर मिल्नेछ । सोचेका कार्यहरु एकाएक पूरा हुँदा खुसी लाग्नेछ । परोपकारी कार्यमा समय बिताउन पाइनेछ । सद् विचार आउनेछ ।

**कुम्भ** गोपनीयता बाहिरिँदा समस्यामा परिन सक्छ, संयम रहनु होला । अनावश्यक कार्यमा भुल्दा गर्नैपर्ने कार्य भने अधुरै रहने छन् । अध्ययमा ह्रास आउनेछ । जिद्दिपनले गर्दा काम कार्य बिग्रन सक्छ, मैत्रीभाव राख्नुहोला ।

**मीन** अपरिचित व्यक्तिको सहयोगले कार्य बन्नेछन् । नेतृत्वदायी कार्यको जिम्मेवारी मिल्नेछ । काम गर्ने कलाको प्रशंसाले उत्साह थपिनेछ । आकर्षण शक्ति बढेर जानेछ । पतिपत्नीबीच सम्बन्ध सुमधुर रहनेछ ।